## युवक अधिकृत तालिम



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटन पोखरामा संचालित सि.सं. २० युवक अधिकृत तालिम माघ २८ गते सम्पन्न भएको छ।

## Custom and Border Security तालिम



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा सञ्चालित सि.सं. ३ Custom and Boder Security तालिम (सि.अ.) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहालको प्रमुख आतिथ्यमा माघ ७ गते सम्पन्न भएको छ।

## मन्टेश्वरी, सिलाई कटाई र ब्युटी पार्लर तालिम



सशस्त्र प्रहरी परिवार महिला संघको समन्वय र गणेशमान सिंह स्मृति बहुप्राविधिक शिक्षालय चन्द्रागिरीको प्राविधिक सहयोगमा अर्ली चाईल्डहुड मन्टेश्वरी फ्यासिलिटेटर, आधारभूत सिलाई कटाई र ब्युटी पार्लर तालिम सम्पन्न भएको छ।

सशस्त्र प्रहरी कर्मचारीका धर्मपत्नीहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले प्रधान कार्यालय हल्चोक स्वयम्भुमा कात्तिक २६ गतेदेखि सञ्चालन भएको तालिमको सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्यालले माघ २२ गते समापन गर्नुभएको हो।

## एपीएफ नेपाल ब्याण्ड र ब्रिटिस गोर्खा ब्याण्डद्वारा सांगितीक प्रस्तुति



सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलको प्रमुख आतिथ्यमा प्रधान कार्यालय हल्चोक स्वयम्भुमा माघ २९ गते एपीएफ नेपाल ब्याण्ड र ब्रिटिस गोर्खा ब्याण्डबीच संयुक्त सांगीतिक प्रस्तुति सम्पन्न भएको छ।



**काठमाडौं महानगरपालिका-९ सिनामंगलस्थित नं. २० विपद् उद्धार गण परिसरमा २४ औं सशस्त्र प्रहरी दिवसको अवसरमा वृक्षारोपण गरिएको छ ।**

## सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट निरीक्षण भ्रमण



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले मनाङको हुम्डे स्थित पर्वतीय तालिम शिक्षालयको निरीक्षण गर्नु भएको छ। सो अवसरमा शिक्षालयले उद्दार अभ्यासको डेमोस्ट्रेसन समेत गरेको थियो।



यसैगरी उहाँले माघ २७ गते गोरखास्थित बिओपी साम्दोको निरीक्षण भ्रमण गर्नुभएको छ। सो अवसरमा उहाँले स्थानीयसँग त्यसक्षेत्रको शान्ति सुरक्षा लगायतका विषयमा अन्तरक्रियासमेत गर्नुभएको थियो । यसैगरी उहाँले मनाङस्थित न.३२ गुल्मको निरीक्षण गर्नु भएको छ।

निरीक्षणका क्रममा महानिरीक्षक अर्यालले उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई आइजी एपीएफ कमेन्डेसन समेत प्रदान गर्नुभएको थियो।

## दर्ज्यानी चिन्ह प्रदान



नेपाल सरकार गृह मन्त्रालय (सचिवस्तर) को माघ १५ गतेको निर्णयले सशस्त्र प्रहरी सेवा, प्राविधिक समूह, स्वास्थ्यतर्फ प्राविधिक सशस्त्र प्रहरी नायब उपरीक्षक पदमा बढुवा भएकाहरूलाई सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले माघ २० गते प्रधान कार्यालयमा दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ।




यसैगरी सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा सशस्त्र प्रहरी निरीक्षक पदमा पदोन्नती हुनुभएका अधिकृतहरुलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ। नेपाल सरकार गृह मन्त्रालय (सचिवस्तर)को मिति २०८१ माघ ८ गतेको निर्णयले उहाँहरु सशस्त्र प्रहरी नायब निरीक्षकबाट सशस्त्र प्रहरी निरीक्षक पदमा पदोन्नती हुनुभएको हो।

सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले सोही अवसरमा प्रधान कार्यालय र उपत्यकास्थित इकाईहरुमा कार्यरत रहि वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई IG APF Commendation ब्याज प्रदान गर्नुभएको छ।

महानिरीक्षक अर्यालले पदोन्नती हुनुभएका अधिकृत तथा IG APF Commendation प्राप्त कर्मचारीहरुलाई हार्दिक बधाई दिनुहुँदै प्राप्त जिम्मेवारीलाई कार्यक्षेमा खटिदा उच्च मनोबल तथा उत्प्रेरणाकासाथ उत्कृष्ट ढंगबाट कार्यसम्पादन गर्न निर्देशन दिनुभयो।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु नारायणदत्त पौडेल, चन्द्रप्रकाश गौतम र वंशीराज दाहाल लगायत सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृत तथा अधिकृतहरुको समेत उपस्थिती रहेको थियो।



**आधारभुत मानविय सीप विकास कार्यक्रम कार्यान्वयन अन्तर्गत जिल्ला पूर्वी नवलपरासी, देवचुली नगर पालिका-७, राम्बापस्थित भिमसेन आदर्श माध्यमिक विद्यालयमा विपद् जोखिम न्यूनिकरण सम्बन्धी कक्षा संचालन तथा डेमोस्ट्रेसन गर्दै नं. ३१ गुल्म पूर्वी नवलपरासी।**

# उद्धार/विविध

## भेरी नदिमा बेपत्ता भएका दुई जनाको शव फेला





सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका-१० स्थित भेरी नदिमा खसेर बेपत्ता भएका दुई जनाको शव सशस्त्र प्रहरीको गोताखोरले फेला पारेको छ।

पूर्वी रुकुम जिल्लाको सिस्ने गाउँपालिका-२ स्थित प्याङ बस्ने २४ वर्षीय अनिल घर्तिको शव माघ २४ गते र १८ वर्षीय अर्जुन भाकी मगर को शव माघ २७ गते फेला परेको हो।

उनीहरु निमार्णाधिन झोलुङ्गे पुलको लठ्ठा तान्ने क्रममा माघ २३ गते दिउँसो सो नदिमा खसेर बेपत्ता भएका थिए। खोजीकार्यको लागि नं. ३२ रक्तकाली गण सुर्खेतबाट ६ जना गोताखोरसहितको सुरक्षा फौज परिचालन भएको थियो।

यसैगरी कानेपोखरी गाउँपालिका-७ स्थित पोखरीमा डुबेका सोही ठाउँको आइतबारे बस्ने ४५ वर्षीय पुरुषको शव सुरक्षा बेस शनिश्चरे माघ १९ गते फेला पारेको छ।



## नारायणी नदीमा हामफालेकी महिलाको सकुशल उद्धार

पूर्वी नवलपरासी जिल्लाको विनयी त्रिवेणी गाउँपालिका-७ स्थित त्रिवेणी व्यारेजबाट नारायणी नदीमा हामफालेकी प्रतापपुर गाउँपालिका-३ बस्ने ३५ वर्षीया अनिता हरिजनको माघ २९ गते बीओपी विनयी त्रिवेणीले सकुशल उद्धार गरेको छ।





माघ २ गते २७औं भूकम्प दिवस २०८१ को अवसरमा जिल्ला व्यवस्थापन समिति अछामको आयोजनामा मंगलसेन नगरपालिका-५ स्थित अछाम दरबारको परिसरमा बाक नेपाल अछाम, नेपाल रेडक्रस सोसाइटी, सी.डी.सी. डीटी, नं. ४९ गुल्म खप्तड, अछाम र जिल्लास्थित अन्य सुरक्षा निकायसहितको टोलीले भूकम्पसम्बन्धी कृत्रिम घटनामा आधारित संयुक्त डेमोस्ट्रेसन अभ्यास सञ्चालन गरेको छ।

## आगलागी नियन्त्रण



ललितपुर जिल्लाको गोदावरी नगरपालिका-१ र २ को बीचमा पर्ने विशंखुनारायण विष्टछाप सामुदायिक सल्लाघारी वनमा लागेको आगलागी नं. २१ गण दक्षिणकाली ललितपुरबाट खटिएको टोली र नेपाल प्रहरीको टोलीले स्थानीय बासिन्दाहरूको सहयोगमा नियन्त्रणमा लिएको छ।

काभ्रे जिल्लाको बेथानचोक र खानिखोला गाउँपालिकाको थामलेखास्थित महाभारत सामुदायिक वनमा भएको आगलागी नियन्त्रण गर्दै सुरक्षा बेस पनौतीको सुरक्षा फौजले नियन्त्रणमा लिएको छ।





**पर्वत जिल्लाको कुश्मा नगरपालिका-४ जिरो कि.मि. स्थित भएको आगलागि नियन्त्रण गर्दै नं.२५ चण्डिका गण पर्वतको सुरक्षा फौज।**



**जुम्ला जिल्लाको गुठिचौर गाउँपालिका-५ गेरुखान सामुदायिक वनमा भएको आगलागी नियन्त्रण गर्दै नं. ३३ गण जुम्लाको सुरक्षा फौज।**

## उद्धारसम्बन्धी सिमुलेसन अभ्यास

नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय र नं. ३९ रिजर्भ गण महोत्तरीको संयुक्त आयोजनामा पुस ३ गते बर्दिबास नगरपालिका-४ कामीडाँडास्थित श्री माध्यमिक विद्यालयको प्राङ्गणमा भूकम्प उद्धारसम्बन्धी सिमुलेसन अभ्यास सम्पन्न भएको छ।



# रक्तदान



**२४औं सशस्त्र प्रहरी दिवस २०८१ को अवसरमा रक्तदान गर्दै नं. १३ गण पर्साको सुरक्षा फौज।**



**२४औं सशस्त्र प्रहरी दिवस २०८१ को अवसरमा सिराहा जिल्लाको सिराहा नगरपालिका-१९ सन्हैठामा रक्तदान गर्दै नं. ७ गण सिराहाको सुरक्षा फौज।**



**२४औं सशस्त्र प्रहरी दिवस २०८१ को अवसरमा छिन्नमस्ता फिल्ड अस्पताल र नेपाल रेडक्रस सोसाइटी बर्दिबासको सहकार्यमा रक्तदान गर्दै नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीको सुरक्षा फौज।**



**२४औं सशस्त्र प्रहरी दिवस २०८१ को अवसरमा रक्तदान गर्दै नं. १ गण इलामको सुरक्षा फौज।**

